# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

प.स.: २०७९/०८० मिति : २०७९/१२/१५
च.न.:

खनियाबास गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दार्खा, धादिङ
बागमती प्रदेश, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सुचना
**प्रथम पटक प्रकाशित मिति : २०७९/१२/१५**

यस खनियाबास गाउँपालिकामा रिक्त रहेको तपशिल बमोजिमका पदमा खुल्ला प्रतिस्पर्धाबाट सेवा करारमा कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपालि नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्बजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन) राजस्व तिरेको रसिद वा बैक भौचर सहित दरखास्त फारम भरि आबेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| बिज्ञापन नं. | पद | सेवा | समुह | श्रेणी | संख्या | दरबन्दी |
|---|---|---|---|---|---|---|
| ०५/०७९/०८० | स्टाफ नर्स | स्वास्थ्य | नर्सिङ | सहायक पाँचौ | १ (एक) | खनियाबास ग्रामिण अस्पताल १ (एक) |
| ०६/०७९/०८० | अ.न.मि. | स्वास्थ्य | नर्सिङ | सहायक चौथो | २ (दुई) | खनियाबास ग्रामिण अस्पताल र झार्लाङ स्वास्थ्य चौकी १/१ (एक/एक) |

- **न्युनतम शैक्षिक योग्यता**

१. स्टाफ नर्स पदको लागि नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्था बाट सम्बन्धित बिषयमा प्रविणता पत्र तह उत्तीर्ण गरेको ।

२. अ.न.मि. पदको लागि नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्था बाट सम्बन्धित बिषयमा प्राबिधिक एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेको ।

२. स्टाफ नर्स र अ.न.मि. पदको लागि सम्बन्धित बिषयको ब्यबसायिक परिषदमा दर्ता/नबिकरण भएको हुनुपर्ने ।

- आबश्यक कागजात : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपालि नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित बिषयको ब्यवसायिक परिषदमा दर्ता/नबिकरण प्रमाणपत्रको प्रतिलिपि र ३ प्रति फोटो।
- उम्मेदवारको उमेर हद : १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० ननाघेको)
- छनौट प्रक्रिया : खनियाबास गाउँपालिकाको सेवा करारमा कर्मचारी ब्यबस्थापन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम ।
- तलब स्केल : प्रचलित कानुन बमोजिम
- कार्य अबधि : करार सम्झौता बमोजिम हुनेछ ।
- दरखास्त फारम दस्तुर : रु. ७००।–
- आबेदन दिने अन्तिम मिति : २०७९/१२/२९ दिनको ५:०० बजे सम्म ।
- आबेदन दिनुपर्ने स्थान : खनियाबास गा.पा. को कार्यालय, प्रशासन शाखा
- संक्षिप्त सुची सम्बन्धि जानकारी गाउँपालिकाको सूचना पार्टी, फेसबुक पेज, वा गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरिनेछ ।

नोट: यस गाउँपालिकाको वेबसाइटमा सुचना संगै राखिएको आबेदन फारम भरि तोकिएको समय भित्र आबेदन दिन सकिनेछ।

संयोजक
पदपूर्ति समिति